आज मिति २०७५ साल पौष २५ गतेका दिन ह्याङ्लेख गाउँ कार्यपालिकाको बैठक अध्यक्ष श्री जगतबहादुर भोलन ज्यूको अध्यक्षतामा बैठक बसी निम्नानुसारका निर्णय गरियो ।

उपस्थिति

श्री जगतबहादुर भोलन - अध्यक्ष
श्री दुर्गादेवी सुनुवार - उपाध्यक्ष
श्री रामकाजी वाइवा - सदस्य
श्री एकबहादुर खड्का - "
श्री कृष्णबहादुर थिङ - "
श्री चक्रबहादुर पाख्रिन - "
श्री विष्णुकुमार कर्माचार्य - "
श्री ऐसुन्दरीमाया वाइवा - "
श्री आनुका थापामगर - "
श्री यमकुमारी दमाई - "
श्री गंगामाया वि.क. - "
श्री हिमालीमाया वि.क. - "
श्री सुनमाया थिङ - "
श्री सन्तोष नेपाली - प्रमुख प्रशासकीय अधिकृत

अन्य उपस्थिति :-

श्री भरतजंग थापा - ना.सु.
श्री मेघलाल योञ्जन - सह लेखापाल

पारित निर्णयहरु :-

निर्णय नं-१ :-

गाउँपालिका मार्फत संचालित हुने योजनाहरु संचालन गर्ने क्रममा रु ३० लाख देखिका योजनाहरु टेण्डर मार्फत गरिने निर्णय भएकोमा प्रक्रियागत रुपमा खर्चिलो, झण्झटिलो भएकोले सम्पूर्ण योजनाहरु उपभोक्ता समितिबाट गराउने सर्वसम्मतबाट निर्णय गरियो ।

निर्णय नं. २ :-

ह्याङ्लेख गाउँपालिकामा शिक्षा सम्बन्धी कार्यलाई सहजतामा अगाडि बढाउनको लागि तपशिल अनुसारको शिक्षा समिति गठन गर्ने निर्णय गरियो ।

तपशिल

१. श्री जगतबहादुर भोलन - संयोजक

२. श्री दुर्गादेवी सुनुवार - सदस्य
३. श्री चक्रबहादुर पाख्रिन - " (वडाध्यक्ष)
४. श्री गंगामाया वि.क. - " (सदस्य, कार्यपालिका)
५. श्री हिमालीमाया वि.क. - " ( " " )
६. श्री भिमान मोलन - " (सा.वि.व्य.स. अध्यक्ष)
७. श्री शम्शेरबहादुर सुनुवार - " (प्र.अ.)
८. श्री यनुनामा - " (प्र.अ.)
९. श्री हिरालाल थोकर - " (चन्दादाता)
१०. श्री दुर्गाप्रसाद ढकाल - " (शिक्षक महासंघ)
११. श्री शिक्षा शाखा प्रमुख - सदस्य सचिव

निर्णय नं. ३ :-

घ्याङलेख गाउँपालिका वडा नं. २ फापरचुलीमा भ्यू-टावर निर्माण गर्ने कार्य अगाडि बढाउनको लागि DPR र Master plan तयार गर्नको लागि सम्पूरक कोषमा विनियोजित भएको रकमबाट रु ६,००,०००/- छुट्याई सो कार्य अगाडि बढाउने र उक्त विनियोजित रकम आगामी गाउँसभा बाट स्वीकृत गर्ने गरी निर्णय गरियो ।

निर्णय नं. ४ :-

इलाका प्रहरी कार्यालय भवन निर्माण गर्नको लागि प्राविधिक लागत इस्टमेट अनुसार विनियोजित रकम अपुग भएको हुँदा सम्पूरक कोषमा रहेको रकमबाट रु. ३,५०,०००/- थपगरी निर्माण कार्य अगाडि बढाउन कुल बजेट रु. १३,५०,०००/- भुक्तानी हुनेगरी कार्य अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. ५ :-

गाउँपालिका वडा नं. १ देखि ५ सम्मका वडाध्यक्षहरु लाई सवारी साधन (मोटरसाइकल) प्रदान गरिएकोमा उक्त मोटरसाइकलहरु प्रयोग गर्ने क्रममा सम्पूर्ण जवाफदेहिता स्वयं वडा अध्यक्षहरुले नै हुनेगरी बुझाउने निर्णय गरियो ।

१. श्री रामकाजी वाइवा - अध्यक्ष वडा नं. १ - बा २ व ९६६१
२. श्री रत्नबहादुर खड्का - " " २ - बा २ व ९६५९
३. श्री कृष्णबहादुर थिङ - " " ३ - बा २ व ९६६३
४. श्री चक्रबहादुर पाख्रिन - " " ४ - बा २ व ९६६४
५. श्री विष्णुकुमार कर्माचार्य - " " ५ - बा २ व ९६६२

निर्णय नं. ६ :-

घ्याङलेख गाउँपालिका वडा नं. ५, अन्तर्गत व्यारटोलमा शैक्षिक सत्र ०६७/६८ देखि लगातार श्री बालज्योति प्रा.वि., माटेखानी

संचालन हुँदै आएकोले उक्त विद्यालयलाई कक्षा १ संचालन गर्नको लागि ~~सर्वसम्मत~~ अनुमति प्रदान गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

निर्णय नं. ७ :-

छ्याङ्लेख गाउँपालिका अन्तर्गत विभिन्न योजनाहरु संचालन गर्नको लागि गाउँसभाबाट विनियोजित समपुरक कोषमा रहेको बजेटबाट तपशिलमा उल्लेखित योजनाहरुमा तपशिल बमोजिमको रकम छुट्याई आगामी गाउँसभाबाट स्वीकृति हुनेगरी कार्य संचालन गर्नेगरी निर्णय गरियो ।

तपशिल

१. विद्युत पोल गाड्ने तथा ट्रान्सफर्मर खरिद रु. १०,००,०००/-
२. डोहेहुँदै रमिते डाँडा अधुरो सडक रु. २,००,०००/- वडा नं. ८
३. आनडाँडा पँधेरी हुँदै मिजारथोल ओड्ने सडक रु. ३,००,०००/- "
४. जनप्रेमी प्रा.वि. बुदुमचुली स्कूल भुई डि.पि.सि + फर्निचर रु. १,००,०००/- "
५. फापरचुली पानी ट्याङ्की बाट मन्दिर जाने बाटो निर्माण रु. ३,००,०००/- वडा नं. १
६. स्वास्थ्य केन्द्र भवन मर्मत, नक्से, वडा नं. ३ रु. १,००,०००/-

७. निर्णय नं. ८ :

राष्ट्रिय धामी समाज केन्द्रिय कार्यालय, काठमाडौंबाट प्राप्त भएको प्रस्तावना पत्रलाई कार्यान्वयन गर्नको लागि छ्याङ्लेख गाउँपालिकाबाट सहयोग स्वरुप समपुरक कोषबाट रु. २५०,०००/- प्रदान गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

निर्णय नं. ९

छ्याङ्लेख गाउँपालिका वडा नं. ५ को वडा कार्यालयमा कार्यालयको कामकाज गर्ने कर्मचारी नभएको हुँदा अर्को व्यवस्था नभए सम्मको लागि सहायक कम्प्युटर अपरेटर राख्ने व्यवस्था गर्ने निर्णय गरियो ।

निर्णय नं. १० :-

छ्याङ्लेख गाउँपालिकाका सबै वडाका अध्यक्षहरुलाई मोटरसाइकल प्रयोग गर्नका लागि इन्धन प्रति महिना २० लि. पेट्रोल दिने सर्वसम्मतबाट निर्णय गरियो ।

निर्णय नं. ११ :

छ्याङ्लेख गाउँपालिका वडा नं. १ स्थित फापरचुलीमा निर्माण हुने भ्यु टावरका लागि तयार भएको अनुमानित लागत रु. १,३६,९०,२९१/७२ मध्ये ५० % ले हुन आउने रु. ६८,३५,१४८/- मा गाउँसभाबाट उक्त भ्युटावर निर्माणको लागि स्वीकृत रकम रु. ४०,००,०००/- र अपुग हुने रु. २८,३५,१४५/- गाउँपालिकाको समपुरक कोषबाट विनियोजन गरी कार्य अगाडि बढाउन

प्रदेश सरकारबाट प्रदान हुने सम्पूरक अनुदान अन्तर्गत संचालन हुने गरी स्वीकृतिको लागि पठाउने निर्णय गरियो ।

निर्णय नं-१२

कृषि ज्ञान केन्द्र, सिन्धुलीबाट यस गाउँपालिकामा रमानामे आउनुभएका कार्यालय सहयोगी श्री संसारसिंग घोलेको तलबभत्ता २०७५ साल असार मसान्त सम्मको मात्र भुक्तानी भएको हुँदा आर्थिक वर्ष ०७५।७६ को श्रावण महिनादेखि दशैं खर्च सहित २०७५ फाल्गुण महिना सम्मको सम्पूर्ण तलब भत्ता राजस्व बाँडफाँड शीर्षकबाट विनियोजित तलबभत्ता शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. १३ :-

छ्याङ्लेख गाउँपालिका वडा नं. २ अन्तर्गतको चन्द्रपुर देखि सातदोबाटो, काफ्लेचौर सम्मको सडक तत्काल मर्मत गर्नुपर्ने भएकोले आ.व. ०७५।७६ को बजेटबाट विनियोजित रु. १०,००,०००।- (जोरी, लामाटोल, मगरटोल सल्ले, नयाँगाउँ, खोलागाउँ, हायुटार-हिदिङ, अँधेरी-चारघरे, लिपेडाँडा ~~सडक~~ मर्मत (पाट सडक मर्मत शीर्षकमा विनियोजित बजेट) बाट उक्त काम समेत गर्ने निर्णय गरियो ।

निर्णय नं. १४ :-

जिल्ला प्रशासन कार्यालय सिन्धुलीको आयोजनामा यस गाउँपालिकामा पालिका स्तरीय घुम्ती शिविर संचालन गर्दा (२०७५ साल माघ १८, १९ र २० गते) अतिथिहरु, कर्मचारी, सुरक्षाकर्मी तथा अन्य प्रतिनिधिहरुलाई खाजा, खाना, चिया खुवाए वापतको खर्च रकम तपशिलमा उल्लेखित होटल संचालकहरुलाई चालुको विविध शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

तपशिल

१. कान्छीमाया सिंजाली रु. ६१०९५।-
२. सीमा भोलन रु. २१२२५।-

सन्तोष नेपाली
प्रमुख प्रशासकीय अधिकृत